# REGIONAL NEWS UNIT

प्रशारण समय : 18:40 बजे          मिति : 19.01.2026

आकाशवाणी

<u>मुख्य मन्त्री प्रेम सिंह तामांगले  दिनुभयो सिक्किमवासीहरूलाई सोनाम लोछार पर्वको शुभकामना</u>

मुख्यमन्त्री प्रेम सिंह तामाङले सोनाम लोछार पर्वको र शुभ उत्सवमा सिक्किम लगायत  दार्जिलिङ पहाडका जनतालाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ ।

मुख्यमन्त्रीले आफ्नो सन्देशमा भन्नुभएको छ, तामाङ समुदायले नयाँ वर्षको रूपमा पालना गर्ने  सोनाम लोछार पर्व आध्यात्मिक, नवीकरण, पुरानो परम्परा , सद्भाव र कृतज्ञता र नविन  सुरुवात हुने मूल्यहरूको प्रतीक हो , यसले आशा,, सकारात्मकता र सामूहिक कल्याणलाई प्रेरित गर्दछ भनि बताउनुभएको छ  ।

सिक्किमको समृद्ध बहुलवादी लोकप्रथा लाई उजागर गर्दै, , मुख्यमन्त्रीले विविध संस्कृति र विश्वासको शान्तिपूर्ण सहअस्तित्वले मानिसहरूमा सामाजिक सद्भाव र एकतालाई बलियो बनाउँदै आएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो यस्ता चाडपर्वहरूले समाजलाई एकसाथ बाँध्ने साझा सम्पदा र संस्कृतिलाई  प्रतिबिम्बित गर्दछ भनि बताउनुभएको छ

**[मुख्यमन्त्री पीएस तामाङले सिक्किम पिछडिएका वर्ग आयोगका अध्यक्षलाई भेट गर्नुभयो]**

मुख्यमन्त्री प्रेम सिंह  तामाङले आज सिक्किम पछौटे  वर्ग आयोगकी नवनियुक्त अधक्ष्या  श्रीमती कविता सापकोटालाई आफ्नो सरकारी निवासमा भेट्नुभयो । मुख्यमन्त्रीले महत्वपूर्ण जिम्मेवारी सम्हालेकोमा श्रीमती कविता सापकोटालाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्नुभयो । उहाँले श्रीमती सापकोटाको नेतृत्वमा राज्यका  पछौटे  वर्गको कल्याण, सशक्तिकरण र समावेशी विकास हुने विश्वास व्यक्त गर्दै उहाँलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभएको छ।

[सिक्किम विधान सभा सचिव र प्रमुख निर्देशक द्वारा सम्मेलनमा भागिदारी]

सिक्किम विधानसभाक सचिव श्री ललित कुमार गुरुङ र सिक्किम विधान सभा सचिवालयका प्रमुख निर्देशक श्री कर्मा छिरिङ ग्यात्सो भुटियाले १९ जनवरी २०२६ मा लखनउको विधान परिषद मण्डप,, विधान भवनमा आयोजित भारतका व्यवस्थापिका निकायका सचिवहरूको ६२ औं सम्मेलनमा भाग लिनुभयो ।

सम्मेलनको अध्यक्ष्यता लोकसभाका महासचिव उत्पल कुमार सिंह ले अध्यक्ष्यता गर्नुभएको थियो

[सालघारी-जुम निर्वाचन क्षेत्रका लागि विधायकले नि:शुल्क पानी वितरण गर्ने ट्याङ्करको शुभारम्भ]

सालघारी-जुम निर्वाचन क्षेत्रका विधायक तथा यातायात तथा सीप विकास विभागका सल्लाहकार श्री मदन सिनघुरीले आज सालघारी-जुम निर्वाचन क्षेत्रका

बासिन्दाहरूको हितका लागि नि:शुल्क पानी वितरण गर्ने ट्याङ्करको औपचारिक शुभारम्भ गर्नुभयो।

यस अवसरमा सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै, विधायकले यातायात विभागद्वारा आयोजित लिलामी मार्फत ट्याङ्कर खरिद गरिएको र अब यसलाई सार्वजनिक आवश्यकताहरू पूरा गर्न पुन: प्रयोग गरिने  जानकारी दिनुभयो। साथै गाडीको व्यवस्थापन एक समर्पित समितिद्वारा यसको मर्मतसम्भार, ज्याला भुक्तानी र सेवाहरूको उचित निरीक्षण गरिने बताउनुभयो ।

भविष्यका योजनाहरू प्रकाश पार्दै, उहाँले  जनतालाई सुरक्षित र स्वच्छ पिउने पानीको आपूर्ति सुनिश्चित गर्न ट्याङ्करमा पानी शुद्धिकरण प्रणाली जडान गरिने पनि उल्लेख गर्नुभयो ।

कार्यक्रममा नयाँ बजार जोरथांग नगर पंचायत उपाध्यक्ष पञ्चायत सदस्यहरु  पनि उपस्थित हुनुहुन्थ्यो

## विकसित  भारत २०४७ सम्बन्धीत  तीन दिने एकीकृत सञ्चार एवं  आउटरिच कार्यक्रम ICOP  आज ताडोङस्थित ICAR मा शुरु

विकसित  भारत २०४७ सम्बन्धीत तीन दिने एकीकृत सञ्चार एवं  आउटरिच कार्यक्रम ICOP  आज ताडोङस्थित ICAR सिक्किम केन्द्र क्याम्पसमा सुरु भयो। यो कार्यक्रम प्रेस सूचना ब्यूरो (PIB) र केन्द्रीय सञ्चार ब्यूरो (CBC) द्वारा ICAR सिक्किम केन्द्रको सहकार्यमा आयोजना गरिएको हो ।

आज पहिलो दिनको कार्यक्रममा , क्याम्पस वरपर 'स्वच्छता ही सेवा' अन्तर्गत सर सफाई तथा वृक्ष रोपन पनि  सञ्चालन गरियो ।

कार्यक्रममा दिव्यांगजनका लागि प्यारा-ब्याडमिन्टन विद्‍यार्थीहरूका लागि चित्रकला प्रतियोगिता पनि आयोजना गरिएको थियो।

## ११ औँ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल फाइनलमा नोङ्क्सेह स्पोर्टिङ क्लब शिलोङ प्रवेश

जोरथाङ फुटबल स्टेडियममा चलिरहेको ११ औं अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिता २०२६ को फाइनलमा बीएसएफ जालन्धरले शिलोङको नोङ्क्सेह स्पोर्टिङ क्लबसँग प्रतिस्पर्धा गर्नेछ। आज दिउँसो खेलिएको रोमाञ्चक सेमिफाइनल खेलमा, बीएसएफ जालन्धरले टाइब्रेकरमा सुदेवा दिल्ली फुटबल क्लबलाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ ।

प्रतियोगिता जोरथाङ फुटबल संघ, सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभाग, सिक्किम फुटबल संघ र माघे संक्रान्ति मेला आयोजक समितिसँगको सहकार्यमा आयोजना गरिरहेको छ। यसको फाइनल खेल २२ जनवरी मा हुनेछ

प्रादेशिक समाचार पुरा भयो।